आज मिति २०७९ साल माघ १८ गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलैको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | डोरनिधि सुवेदी | सहायक लेखापाल | |
| २७ | सुदिप श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर | |
| | | | |
| | | | |

एजेन्डाहरु

१. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा

- योजना तथा कार्यक्रम अनुगमन कार्यविधि, २०७९
- कृषिजन्य नगदेबाली खेती तथा प्रशोधन उद्योग संचालन कार्यविधी, २०७९
- सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकइ लागत(Per Capita Funding) का आधारमा अध्यापन कार्यमा प्रदान गरिने सहयोग अनुदान कार्यान्यिन सम्बन्धी कार्यविधि, २०७९
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९
- लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७९
- एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७९
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९
- विषयगत समिति संचालन कार्यविधि, २०७९

२. कार्यक्रम संशोधन सम्बन्धमा

३. नगर सभाको कार्यसूची सम्बन्धमा

४. कार्यप्रगति सम्बन्धमा

५. सडक बोर्डको आयोजना सम्बन्धमा

६. विविध

**निर्णय नं. १**

तपशिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरि कार्यन्वयन गर्ने निर्णय गरियो ।

- योजना तथा कार्यक्रम अनुगमन कार्यविधि, २०७९
- कृषिजन्य नगदेबाली खेती तथा प्रशोधन उद्योग संचालन कार्यविधी, २०७९
- सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकइ लागत(Per Capita Funding) का आधारमा अध्यापन कार्यमा प्रदान गरिने सहयोग अनुदान कार्यान्यिन सम्बन्धी कार्यविधि, २०७९
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९
- लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७९
- एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७९
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७९
- विषयगत समिति संचालन कार्यविधि, २०७९

निर्णय नं. २

नगर सभा तथा कार्यपालिकाबाट निर्णय भएका चालु आवमा सञ्चालन हुने तपशिलका आयोजना तथा कार्यक्रमहरु सम्बन्धित वडाबाट संशोधनको लागि सिफारिस आएकोले सोही बमोजिम संशोधन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

| वडा | साविकको आयोजना | बजेट रकम | संशोधित आयोजनाको नाम | बजेट रकम |
|---|---|---|---|---|
| ८ | वडा कार्यालय व्यवस्थापन | २,००,००० | वडा कार्यालय व्यवस्थापन सामाग्री | १,००,००० |
| | | | वडा कार्यालय भवन मर्मत | १,००,००० |
| | गोठ सुधार कार्यक्रम | १,००,००० | पशु स्वास्थ्य शिविर कार्यक्रम | १,००,००० |
| १२ | विद्युत विस्तार | २००००० | विद्युत विस्तार | १००००० |
| | | | चिलाउने आ वि भवन मर्मत | ५०००० |
| | | | शारदा प्रा वि भवन मर्मत | ५०००० |
| | कृषक पाठशाला कार्यक्रम | २००००० | स्प्रे टायाङ्की खरिद | ६०००० |
| | | | टनेल प्लाष्टिक खरिद | १४०००० |
| ४ | गबुवा ह्युम पाईप ब्यवस्थापन | ६०००० | श्री जनता आधारभूत विद्यालय फुलवारी सिरान मर्मत | १६०००० |
| | तित्रिबोट जालि बाँध निर्माण | १००००० | | |
| ९ | कृषि तथा सिँचाई | २००००० | खानेपानी पाईप खरिद | २००००० |
| | शिव मन्दिर मर्मत लिम्पटार | १००००० | शिव मन्दिर मर्मत लिम्पटार, चनौटे, हुलाकडाँडा | २००००० |
| | शिव मन्दिर मर्मत चनौटे | ५०००० | | |
| | शिव मन्दिर मर्मत हुलाकडाँडा | ५०००० | | |
| | शिव मन्दिर मर्मत सिरुवानी | १५०००० | शिव मन्दिर निर्माण सिरुवानी | १५०००० |
| ६ | आधारभूत विद्यालय घेराबेरा धप्पर | ४००००० | दिपेन्द्र मा.वि. ब्यवस्थापन जोगीडाँडा | ३००००० |
| | | | आधारभूत विद्यालय घेराबेरा धप्पर | १००००० |
| ७ | जनज्योती आधारभूत विद्यालय माकुरे घेराबेरा | २००००० | जनज्योती आधारभूत विद्यालय माकुरे व्यवस्थापन | २००००० |

निर्णय नं. ३

मिति २०७९/१०/२० मा हुने यस नगरपालिकाको १०औं नगरसभाको कार्यक्रम तालिका निम्नानुसार हुने निर्णय गरियो ।

| नगर सभाको कार्यक्रम तालिका | | | |
|---|---|---|---|
| कार्यक्रम विवरण | जिम्मेवार व्यक्तिको पद | जिम्मेवार व्यक्ति | क्रियाकलाप |
| कार्यक्रम सञ्चालक | प्र प्र अ | अनिल किराती | खदा लगाउने सबैलाई |
| अध्यक्ष | नगर प्रमुख | राजेशचन्द्र श्रेष्ठ | |
| आसन ग्रहण | उपप्रमुख | गीता खड्का | |
| आसन ग्रहण | वडाध्यक्ष (१-१४) | | |
| आसन ग्रहण | कार्यापालिका सदस्यहरु | | |
| आसन ग्रहण | नगर सभा सदस्यहरु | | |
| कार्यक्रम उद्घाटन | प्रमुख उपप्रमुख | | ब्यानर अन गरेर |
| राष्ट्रिय गान | सबै | | उभिएर गाउने |
| पानसमा बती | प्रमुख उपप्रमुख | | पानसमा बती बाल्ने |
| मौनधारण | सबै | | मौनधारण गर्ने |
| स्वागत मन्तव्य | प्रवक्ता | प्रेम थापा | मन्तव्य दिने |
| प्रगति विवरण पेश | उपप्रमुख | गीता खड्का | लिखित प्रतिवेदन पेश गर्ने |
| विनियोजन विधेयक पेश | विधेयक समिति संयोजक | भूपेन्द्रसिं तामाङ | ऐन पेश गर्ने |
| अन्य कानुन पेश र मन्तव्य | विधेयक समिति संयोजक | भूपेन्द्रसिं तामाङ | समितिले गरेको कामहरुबारे मन्तव्य दिने |
| मन्तव्य | आर्थिक समिति संयोजक | अम्बर मगर | |
| मन्तव्य | सामाजिक समिति संयोजक | सुविन ढुंगाना | |
| मन्तव्य | पूर्वाधार समिति संयोजक | क्षेत्रबहादुर खड्का | |
| मन्तव्य | विपद समिति संयोजक | वेगबहादुर आले | |
| मन्तव्य | सुशासन समिति संयोजक | पुष्कर खड्का | |
| मन्तव्य | उपप्रमुख | गीता खड्का | समग्र कामको मन्तव्य दिने |
| प्रमुख मन्तव्य | प्रमुख | राजेशचन्द्र श्रेष्ठ | समग्र कामको मन्तव्य दिने |
| केही छलफल र प्रश्नहरु | नगर सभा सदस्यहरु | | स्वेच्छिक रुपमा सदस्यहरुले आप्नो कुरा पालैपालो राख्ने |
| धन्यवाद | प्र प्र अ | अनिल किराती | सभामा उपस्थिति र सहभागी भएकोमा धन्यवाद व्यक्त गर्ने |
| संबोधन र समापन | प्रमुख वा अन्य | राजेशचन्द्र श्रेष्ठ | सवालहरुको संबोधन गर्दै समापान गर्ने |
| खाजा | कर्मचारीहरु | | सबैलाई खाजा बाँड्ने |

निर्णय नं. ४

नगरपालिकाको अर्धावार्षिक प्रगति प्रतिवेदनलाई आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) आयको विवरण

**आयको बिबरण**

**आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०७९/०९/३०**

| सि.नं. | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **संघीय सरकार** | **५३,४८,४४,६९५.००** | **२५,९५,६७,३४९.००** | **४८.५३** | **२७,५२,७७,३४६.००** |
| १.०१ | ११३११ समानिकरण अनुदान | १२,३७,००,०००.०० | ६,१८,५०,०००.०० | ५० | ६,१८,५०,०००.०० |
| १.०२ | १३३१२ शसर्त अनुदान चालु | ३५,३१,००,०००.०० | १७,४२,९५,०००.०० | ४९.३६ | १७,८८,०५,०००.०० |
| १.०३ | १३३१३ शसर्त अनुदान पुँजीगत | ४,७०,४४,६९५.०० | २,३४,२२,३४९.०० | ४९.७९ | २,३६,२२,३४६.०० |
| १.०४ | १३३१७ समपुरक अनुदान पुँजीगत | १,१०,००,०००.०० | ० | ० | १,१०,००,०००.०० |
| **२.** | **प्रदेश सरकार** | **२,१४,१७,०००.००** | **८२,४२,४९९.००** | **३८.४९** | **१,३१,७४,५०१.००** |
| २.०१ | १३३११ समानिकरण अनुदान | ६६,२१,०००.०० | ३३,१०,५००.०० | ५० | ३३,१०,५००.०० |
| २.०२ | १३३१२ शसर्त अनुदान चालु | १,२३,०००.०० | ० | ० | १,२३,०००.०० |
| २.०३ | १३३१३ शसर्त अनुदान पुँजीगत | ४६,७३,०००.०० | १५,९८,६६६.०० | ३४.२१ | ३०,७४,३३४.०० |
| २.०४ | १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | ३३,३३,३३३.०० | ३३.३३ | ६६,६६,६६७.०० |
| **३.** | **राजस्व बाडफाड** | **२०,३८,९६,५५०.००** | **३,६९,०४,२६६.९६** | **१८.१** | **१६,६९,९२,२८३.०४** |
| ३.०१ | ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २,००,००,०००.०० | १६,६१,६६९.४० | ८.३१ | १,८३,३८,३३०.६० |
| ३.०२ | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १५,९२,९६,०००.०० | २,७८,१२,०३९.०९ | १७.४६ | १३,१४,८३,९६०.९१ |
| ३.०३ | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,०९,००,५५०.०० | ७२,७८,०९८.४७ | ३४.८२ | १,३६,२२,४५१.५३ |
| ३.०४ | ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| ३.०५ | ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २,००,०००.०० | १,५२,४६०.०० | ७६.२३ | ४७,५४०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.०६ | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | ३०,००,०००.०० | ० | ० | ३०,००,०००.०० |
| **४.** | **अन्तरिक श्रोत** | **५,४७,२५,०४२.३०** | **५,२३,०९,९५९.०९** | **९५.५९** | **२४,१५,०८३.२१** |
| ४.०१ | ११३१३ एकीकृत सम्पती कर | १४,००,०००.०० | १,९८,२६२.०० | १४.१६ | १२,०१,७३८.०० |
| ४.०२ | ११३१४ भुमिकर/मालपोत | १,००,०००.०० | ५,१७,२३३.०० | ५१७.२३ | (४,१७,२३३.००) |
| ४.०३ | ११३२१ घरवहाल कर | २०,००,०००.०० | ३,९०,४९६.३० | १९.५२ | १६,०९,५०३.७० |
| ४.०४ | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४५,५०,०००.०० | ४८,४३,५९४.०० | १०६.४५ | (२,९३,५९४.००) |
| ४.०५ | १४२२४ परीक्षा शुल्क | १,००,०००.०० | ११,०००.०० | ११ | ८९,०००.०० |
| ४.०६ | १४२४२ नक्सापास दस्तुर | ९,००,०००.०० | २,१७,०९२.०० | २४.१२ | ६,८२,९०८.०० |
| ४.०७ | १४२४३ सिफारिश दस्तुर | २६,५०,०००.०० | ४,६८,०३०.०० | १७.६६ | २१,८१,९७०.०० |
| ४.०८ | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६,००,०००.०० | १,४८,१००.०० | २४.६८ | ४,५१,९००.०० |
| ४.०९ | १४२४५ नाता प्रमाणित दस्तुर | २,००,०००.०० | २१,७६०.०० | १०.८८ | १,७८,२४०.०० |
| ४.१ | १४२४९ अन्य दस्तुर | ६,००,०००.०० | ४,८३,८०७.०० | ८०.६३ | १,१६,१९३.०० |
| ४.११ | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ३,६०,०२०.०० | ३६००२००० | (३,६०,०२०.००) |
| ४.१२ | १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| ४.१३ | १४६११ व्यवसाय कर | १५,००,०००.०० | ४,५५,६५१.०० | ३०.३८ | १०,४४,३४९.०० |
| ४.१४ | १५१११ बेरूजू | ० | ७४,०८५.०० | ७४०८५०० | -७४,०८५.०० |
| ४.१५ | ३२१२२ बैंक मौज्दात | ४,००,७५,०४२.३० | ४,४१,२०,८२८.७९ | ११०.१ | (४०,४५,७८६.४९) |
| | **जम्मा** | **८१,४८,८३,२८७.३०** | **३५,७०,२४,०७४.०५** | **४३.८१** | **४५,७८,५९,२१३.२५** |

ख) व्ययको विवरण

| क्षेत्रगत बजेट तथा खर्च | | | | | |
|---|---|---|---|---|---|
| आ.व. : २०७९/८० महिना : सबै अवधी : २०७९/०४/०१-२०७९/०९/३० | | | | | |
| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आर्थिक विकास | ६,४५,२२,६९५.०० | ७५,८२,६६२.०० | ११.७५ | ५,६९,४०,०३३.०० |
| १ | कृषि | १,८४,००,०००.०० | २९,२५,२०१.०० | १५.९ | १,५४,७४,७९९.०० |
| २ | उद्योग | २९,००,०००.०० | ९,२२,२३४.०० | ३१.८ | १९,७७,७६६.०० |
| ३ | पर्यटन | ८०,४४,६९५.०० | ०.०० | ० | ८०,४४,६९५.०० |
| ४ | सहकारी | ८,२०,०००.०० | १,२०,०००.०० | १४.६३ | ७,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जलश्रोत तथा सिंचाई | २,७३,५८,०००.०० | ३०,६५,२५७.०० | ११.२ | २,४२,९२,७४३.०० |
| ६ | बन | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ७ | पशुपन्छी विकास | ३२,००,०००.०० | ५,४९,९७०.०० | १७.१९ | २६,५०,०३०.०० |
| ८ | भूमि व्यवस्था | ३१,००,०००.०० | ०.०० | ० | ३१,००,०००.०० |
| ९ | आपूर्ति | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २ | सामाजिक विकास | ४५,०९,८८,६२५.०० | १५,९४,४५,६९४.७७ | ३५.३५ | २९,१५,४२,९३०.२३ |
| १ | शिक्षा | ३०,७१,७५,०००.०० | १२,२५,४९,०३०.३० | ३९.९ | १८,४६,२५,९६९.७० |
| २ | स्वास्थ्य | ८,७७,००,०००.०० | ३,१७,०४,९२०.४७ | ३६.१५ | ५,५९,९५,०७९.५३ |
| ३ | खानेपानी तथा सरसफाई | १,२३,५०,०००.०० | ७,५४,३०२.०० | ६.११ | १,१५,९५,६९८.०० |
| ४ | भाषा तथा संस्कृति | १७,५५,०००.०० | ०.०० | ० | १७,५५,०००.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३,५९,०७,६२५.०० | २६,६९,७११.०० | ७.४३ | ३,३२,३७,९१४.०० |
| ६ | युवा तथा खेलकुद | ४४,००,०००.०० | २,१६,७३१.०० | ४.९३ | ४१,८३,२६९.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १७,०१,०००.०० | १५,५१,०००.०० | ९१.१८ | १,५०,०००.०० |
| ३ | पूर्वाधार विकास | १२,३३,५४,०००.०० | १,७३,२०,९८१.०० | १४.०४ | १०,६०,३३,०१९.०० |
| १ | यातयात पूर्वाधार | ७,३७,०४,०००.०० | १,३७,५२,२९८.०० | १८.६६ | ५,९९,५१,७०२.०० |
| २ | भवन, आवास तथा सहरी विकास | ४,७१,००,०००.०० | ३५,६८,६८३.०० | ७.५८ | ४,३५,३१,३१७.०० |
| ३ | उर्जा | २३,५०,०००.०० | ०.०० | ० | २३,५०,०००.०० |
| ४ | सम्पदा पूर्वाधार | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,६२,३०,०००.०० | ५१,६७,०४०.०० | १९.७ | २,१०,६२,९६०.०० |
| १ | विपद व्यवस्थापन | ७६,६५,०००.०० | १६,५९,९४२.०० | २१.६६ | ६०,०५,०५८.०० |
| २ | शान्ति तथा सुव्यवस्था | ३०,४०,०००.०० | १०,२१,१३३.०० | ३३.५९ | २०,१८,८६७.०० |
| ३ | कानुन तथा न्याय | ५,७५,०००.०० | ०.०० | ० | ५,७५,०००.०० |
| ४ | श्रम तथा रोजगारी | १,३४,००,०००.०० | २३,७१,४६५.०० | १७.७ | १,१०,२८,५३५.०० |
| ५ | प्रशासकीय सुशासन | १५,००,०००.०० | १,१४,५००.०० | ७.६३ | १३,८५,५००.०० |
| ६ | वित्तीय सुशासन | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,९७,८७,९६७.३० | ४,९०,९१,९४९.६८ | ३२.७७ | १०,०६,९६,०१७.६२ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,९७,८७,९६७.३० | ४,९०,९१,९४९.६८ | ३२.७७ | १०,०६,९६,०१७.६२ |
| कुल जम्मा | | ८१,४८,८३,२८७.३० | २३,८६,०८,३२७.४५ | २९.२८ | ५७,६२,७४,९५९.८५ |

ग) शाखागत कार्यक्रमको विवरण (**पुस मसान्तसम्म)**

| सि.नं. | शाखा/उपशाखा | तोकिएको कार्यक्रम | बजेट | सम्पन्न कार्यक्रम | बजेट | बाँकी कार्यक्रम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा | ३५ | २९१०००००० | १५ | १३१०४५८७२ | २० | १५९९५४१२८ |
| २ | स्वास्थ्य | ५४ | ७९०००० | ३३ | ३३५४५००० | २१ | ४५४५५००० |
| ३ | महिला विकास | १८ | ३०००००० | ५ | ५६१७०० | १३ | २४३८३०० |
| ४ | कृषि | ३६ | १२७००००० | १३ | ४६२९४७४.२६ | २३ | ८०७०५२५.७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | पशु | १७ | २९५०००० | ५ | ९५०००० | १२ | २०००००० |
| ६ | जिन्सी | ७ | १३०००००० | चालु अवस्थामा | ३३८९२४१ | | ९६१०७९५ |
| ७ | योजना | २४० | १७३६२६००० | २५ | ११०८१३५३ | २१५ | १६२५४४६४४ |
| ८ | न्यायिक समिति | १ | ५००००० | ० | ० | १ | ५००००० |
| ९ | विपद् | ७ | ८०००००० | ४ | १८२८५३२ | ३ | ६१७१४६८ |
| १० | सूचना प्रविधि | १ | १०००००० | शुरु भएको | ० | | १०००००० |
| ११ | सहकारी | १ | ५००००० | ० | ० | १ | ५००००० |
| १२ | प्रधानमन्त्रि रोजगार | २४ | ११०००००० | चालु अवस्थामा | ८९५७८३ | ५ | १०१०४२१७ |
| १३ | लघुउद्यम | १९ | २९०००० | १० | १२७११७५ | ९ | १६२८८२५ |
| १४ | आयुर्वेद | २६ | ६५००००० | १५ | ३१६४४७७.६ | ११ | ३३३५५२२.४० |
| १५ | पञ्जिकरण | ८ | १३००००० | २ | ६५२७०० | ६ | ६४७३०० |
| १६ | भूमि | ९ | ३३००००० | १ | ८७९३७० | ८ | २४२०६३० |
| १७ | सामी | १३ | १२७८००० | ४ | ५२६००० | ९ | ७७२००० |
| १८ | मनोपरामर्श | ९ | २२००००० | ४ | | ५ | |

**निर्णय नं. ५**

चालु आ.व. २०७९/८० मा स्थानीय सडक मर्मत संभारको लागि सडक बोर्ड नेपालले यस नगरपालिकाको लागि विनियोजन गरेको ४७ लाख रुपैयाबाट सडक बोर्ड नेपालले पठाएको कार्यन्वयन मार्गदर्शनको आधारमा तपशिल बमोजिमको सडक मर्मत संभार आयोजना छनौट गरी कार्यन्वयन गर्न लेखी पठाउन र नगरपालिकाले व्यहोर्नुपर्ने ३० प्रतिशतको दायित्व (२१ लाख) सङ्घीय समपूरक साझेदारी शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

| सि नं. | आयोजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | बाँसबारी, ककनी, लेउरी भन्ज्याङ्ग सडक मर्मत | वडा नं १०, ११, १४ | २३,००,०००.०० |
| २ | गोकुले - स्वास्थ्य चौकी वडा कार्यालय हुँदै भदौरे सडक मर्मत | वडा नं. १३ | १७,००,०००.०० |
| ३ | कटुन्जे-खोलागाँउ-खानी - भञ्याङ्ग सडक मर्मत | वडा नं. ९ | १७,००,०००.०० |
| ४ | सुगारे जोगीडाँडा आँपटार भुसुने सडक मर्मत | वडा नं. ६ | १०,००,०००.०० |

निर्णय नं. ६ (विविध)

क) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको वैदेशिक रोजगरीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवद्र्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम निर्देशिका (सञ्चालन तथा व्यवस्थापन), २०७९ कार्यान्वयन गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले निर्देशिकाको दफा १९ बमोजिम देयायबमोजिमको ६ सदस्यीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

समिति

| | |
|---|---|
| सम्बन्धीत नगर कार्यपालिकाको उपप्रमुख | – संयोजक |
| संयोजकले तोकेको नगर कार्यपालिकाको एक जना सदस्य | – सदस्य |
| सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकीय अधिक | – सदस्य |
| सम्बन्धीत स्थानीय तहमा कार्यरत गैसस संयोजकले तोकेको एक जना प्रतिनिधी | – सदस्य |
| वैदेशिक रोजगारीमा गई कम्तीमा दुई वर्ष काम गरी स्वदेश फर्केको र सम्बन्धीत स्थानीय तहमा बसोबास गर्दै आएका व्यक्तिहरुमध्येबाट संयोजकले तोकेको एकजना | – सदस्य |
| रोजगार संयोजक, रोजगार सेवा केन्द्र | – सदस्य सचिव |

ख) नगरको फोहोरमैला संकलनलाई व्यवस्थित गर्न हालको संकलन विधिलाई परिमार्जन गरि मिति २०७९/१०/२४ गतेदेखि लागू हुने गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**कुहिने फोहोर - आइतबार, मगंलबार, बिहिबार र शनिबार**

**नकुहिने फोहोर (प्लास्टिक र सीसा) - सोमबार, बुधबार र शुक्रबार**

साथै हालको अस्थायी डम्पिङ साइटको पूर्वपट्टिको भागमा नकुहिने **(प्लास्टिक र सीसा)** फोहोरको भण्डारण गर्ने निर्णय गरियो ।

ग) विभिन्न मितिमा माग भइ आएका तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुलाई नगरस्तरीय कार्यक्रमबाट देहायबमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क. सं. | आयोजना तथा कार्यक्रम | वडा | बजेट |
|---|---|---|---|
| १ | हिरक जयन्ती कार्यक्रम | ७ | १०,००,०००। |
| २ | महादेव गुफा महापुराण कार्यक्रम | ३ | २,३०,०००। |
| ३ | घुर्मी सरसफाई व्यवस्थापन | १४ | २,००,०००। |
| ४ | प्रविधि हस्तान्तरण कार्यक्रम (सशस्त्र प्रहरी बल) | ३ | १,००,०००। |

घ) नेपाल लोक कल्याण संघ (SWAN) ले यस नगरपालिका वडा नं ५ को तीनतलेको जलेश्वर ताल वरिपरि चराचुरुङ्गीको अध्ययन गर्ने वृक्षारोपण गर्ने र ज्योति सामूदायिक वन उपभोक्ता समितिसँग समन्वयात्मक कार्यक्रम गरी जैविक विविधता संरक्षणमा सहयोग गर्ने उदेश्यसहित **समूदायमा आधारित जैविक विवधता संरक्षण सम्बन्धी परियोजना** सञ्चालन गर्न २०७९।१०।१६ गतेको पत्रमार्फत सहमति माग गरेकोले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

ङ) कटारी नगरपालिका क्षेत्रमा दैनिक रुपमा उत्पादन हुने फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई सहज बनाउन कुहिने र नकुहिने फोहोर छुटाछुटै संकलन गर्न आवश्यक पर्ने डस्टविन सरसफाई फोहोरमैला तथा नाला सरसरफाई शिर्षकमा विनियोजित बजेटबाट खरिद गरी बजारक्षेत्रमा राख्ने निर्णय गरियो ।

च) नेपाल आदिवासी जनजाति महासंघ कटारीको मिति २०७९।१०।१५ गतेको प्रस्तावना सहितको पत्रबाट माग भएबमोजिम नगरसभाबाट स्वीकृत कार्यक्रम लक्षित लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न महासंघसँग दिपक्षीय सम्झौता गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

छ) नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यक्रमको कुल बजेट रु ३०,३१,६०६।०० (अक्षेरेपी तीस लाख एकतीस हजार छ सय छ रुपैया मात्र) मा स्थानीय तहबाट विनियोजन गर्नुपर्ने रु १,३१,६०६।०० (अक्षेरेपी एक लाख एकतीस हजार छ सय छ रुपैया मात्र) संघीय साझेदारी शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

ज) मिति २०७९/१०/११ गते कटारी नगरपालिका ल्याण्फिल्ड साईड खोज तथा फोहोर मैला व्यवस्थापन समितिको बैठकले सरोकारवाला पक्षहरुसँग गरेका छलफलवाट उठेका ११ बुँधे सहमतिलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

झ) कटारी नगरपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०७९/०९/०५, २०७९/१०/११ र २०७९/१०/१७ गते बसेको बैठकको निर्णय अनुमोदन गरि स्विकृत गर्ने निर्णय गरियो ।

ञ) कटारी नगरपालिका वडा नं १४ मा रहेको पर्शुराम गौरी कुण्ड मर्मतका लागि प्राविधिक ल.ई. बमोजिमको बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।

ट) कटारी नगरपालिकाका माथिल्लो वडाहरु वडा नं. ९, १०, ११, १३ र १४ वटा छुट्टै गाउँपालिका बनाउने प्रदेश सरकारलाई सिफारिस गरिदिनु भनी संघर्स समितिको निर्णय बमोजिम

माग भई आएको र सातौ नगर सभाबाट स्वीकृत भएकोमा सोही बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

ठ) स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ बमोजिम यस कटारी नगरपालिकाको आ. व. २०७७/७८ को संस्थागत स्वमुल्यांकनको नतिजा तपसिल बमोजिम रहेको र सो नतिजा यस नगरपालिकाको सूचना पाटी र website मार्फत सार्वजनिक समेत गर्ने निर्णय गरियो।

| स्व-मूल्याङ्कन विषयक्षेत्रहरु | जम्मा प्रासाङ्क |
|---|---|
| शासकीय प्रवन्ध | ८८.८९% |
| संगठन तथा प्रशासन | १००% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८१%८२. |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ५९%०९. |
| सेवा प्रवाह | ६८%७५. |
| न्यायिक कार्य सम्पादन | १००% |
| भौतिक पूर्वाधार | ५३%८५. |
| सामाजिक समावेशीकरण | २०% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ४४%४४. |
| सहकार्य र समन्वय | ३३%३३. |
| **जम्मा प्रासाङ्क** | **६४.५%** |

ड) यस कटारी नगरपालिकाको ल्याण्ड फिल्ड साईटमा नियमित फोहर विसर्जन गर्न ढिलाई भई फोहर डङ्गुर हुनगई वरीपरिको समुदायवाट व्यापक विरो आएको र सो फोहरलाई तुरुन्तै व्यवस्थित गरी फोहर विसर्जनलाई निरन्तरता दिन पहिलो चरणमा अनुमानित ल.ई. कन्टेन्जेन्सी, मर्मत सम्भार, मु.अ. कर समेत ९,१३,९१८।४४ खर्च लाग्ने भएकाले छिटो माध्यमवाट विसर्जन गर्दा लागेको रकम रु. ८,६१,२११।९९ मु.अ. कर समेत सरसफाई, फोहर मैला तथा नाला सरसफाई शिर्षकवाट सम्बन्धित फर्मलाई भुक्तानी दिने निर्णय गरियो । साथै आगामी दिनमा निस्केको फोहरलाई नियमित विसर्जन गर्दै जाने समेत निर्णय गरियो ।

ढ) नेपाल प्रेस युनियन सगरमाथाको मिति २०७९।१०।०६ को पत्र मार्फत विराटनगरमा हुने प्रदेश अधिवेशनको तयारी कार्यक्रमको लागि नगरस्तरीय कार्यक्रमबाट रु. २५,०००। बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ण) नेवा देय दबु कटारी न पा ५ को मिति २०७०।०९।०५ को पत्र मार्फत आफ्नो संस्थाको विभिन्न सामान खरिद गर्न आवश्यक बजेट माग भएकोले रु १५,०००। (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो ।

त) नगर खेलकुद विकास समितिको मिति २०७९।१०।१७ को पत्रानुसार विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट माग भइ आएकोले नगर सभाले खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित बजेटमध्ये देहायबमोजिमको कार्यक्रमगत बजेट स्वीकृत गर्ने र बाँकी बजेट अन्य थप कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

| क.स. | खेलकुद कार्यक्रम | बजेट |
|---|---|---|
| १ | मेयरकप फूटबल प्रतियोगिता | ७,००,०००। |
| २ | व्याटमिन्टन प्रतियोगिता | २,००,०००। |
| ३ | तेक्वान्दो प्रतियोगिता | १,५०,०००। |
| ४ | उसु प्रतियोगिता | १,००,०००। |
| ५ | कराते प्रतियोगिता | १,५०,०००। |
| ६ | भलिबल प्रतियोगिता | १,५०,०००। |
| ७ | रग्वि प्रतियोगिता | ५०,०००। |
| | | |

थ) शलेश युवा क्लब कटारीले आयोजना गरेको खेलकुद कार्यक्रमको लागि आवश्यक बजेट माग भइ आएकोले नगर सभाले खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित बाँकी बजेट पाँच लाख (५,००,०००।) बजेटमध्येबाट रु ५०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

द) नगरपालिका क्षेत्र भित्र रहेका तपिशल बमोजिका विद्यालय तथा क्याम्पसका विधार्थीहरुको मिति २०७९/०८/२६ देखि ०९/२१ गते सम्म भएको शैक्षिक भ्रमणको लागि अध्ययन अवलोकन तथा अनुशन्धान शिर्षकबाट खर्च लेखे निर्णय गरियो

| क.स. | वडा नं. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|---|
| १ | ५ | देवी मा वि भुल्के | १५०००.०० |

ध) नगर सभा २०७९/०३/१० गते स्वीकृत भएको दररेटमा तपशिल बमोजिमको दररेट छुट्न गएकाले सो दररेट थप गर्ने निर्णय गरियो ।

## तपशिल

भवन निर्माणमा प्रयोग हुने निर्माण सामाग्री

| सि.नं | निर्माण सामाग्रीहरुको विवरण | एकाइ | मू.अ.क. बाहेकको दररेट आ.व.२०७९/०८० |
|---|---|---|---|
| | 100 mm | व.फि. | 592.00 |
| | Steel door | | |
| | Providing and fitting 30 minute fire resistance steel door with all complete set of frame 1.6mm EGI steel ,leaf 0.8-0.5mm EGI steel, core insulation honey comb,50 mm thickness of steel door | व.फि. | 1100.00 |
| | Panel Door | | |
| | Providing and fitting steel panel door all complete set of frame 0.4 mm aluminum, leaf Nonburn EPS Panel framed by 0.4mm aluminum, | व.फि. | 720.00 |
| | UPVC Window<br>Providing and fitting 115 mm thick multi chamber frame thick UPVC Window all complete set along with frame having wall thickness of 2.0mm – 3.0mm and 1.5 (+0.2 )mm thick galvanized mild steel section . fitting materials and accessories for window ,sliding windows with stainless insect screen . | व.फि. | 888.00 |
| | EPS sandwich panel work (metal sheet based )including fitting<br>Providing and fitting EPS sandwich panel , FR3 Rated , Exterior and interior skin of 0.3 – 0.4mm PPGI with frame retardant EPS core insulation , base metal 1105mm and effective width 1000mm , length 2mm-13mm with specified color and thickness with its accessories such as ( Ubar , projection gable, sealing materials )<br>Ivory color / white color flat partition and exterior wall | | |
| | Thickness | | |
| | 50mm | व.फि. | 354.16 |
| | 75mm | " " | 408.36 |
| | 100 mm | " " | 462.35 |
| | 125mm | " " | 518.96 |
| | 150mm | " " | 572.08 |

| | | | |
|---|---|---|---|
| | Gray color RP wall panel | व.फि | |
| | Thickness | | |
| | 50 mm | " " | 390.66 |
| | 75mm | " " | 443.76 |
| | 100mm | " " | 540.00 |
| | 125mm | " " | 519.49 |
| | 150mm | " " | 610.80 |
| | | | |

भवन निर्माणमा प्रयोग हुने निर्माण सामाग्री

| सि.नं | निर्माण सामाग्रीहरुको विवरण | एकाई | मू.अ.क. बाहेकको दररेट आ.व.२०७९/०८० |
|---|---|---|---|
| | Wooden color siding wall panel | व.फि. | |
| | Thickness | | |
| | 75mm | " " | 493.54 |
| | 100mm | " " | 549.96 |
| | 125mm | " " | 613.01 |
| | 150mm | " " | 658.36 |
| | Blue and orange roof panel | | |
| | Thickness | | |
| | 50mm | " " | 409.47 |
| | 75mm | " " | 463.67 |
| | 100mm | " " | 563.23 |
| | 125mm | " " | 572.08 |
| | 150mm | " " | 628.50 |
| | Zinc panel ( combat and black color ) | | |
| | Thickness | | |
| | 50mm | " " | 509.03 |
| | 75mm | " " | 545.53 |
| | 100mm | " " | 646.19 |
| | 125mm | " " | 667.21 |
| | 150mm | " " | 701.50 |
| | | | |

न) बिभिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरुमध्ये तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई अन्य सामाजिक सहायता शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

**तपशिल**

| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) |
|---|---|---|---|---|
| १ | शुक्रवीर माझी | ७ | हात भाँचिएको | २०,००० |
| २ | दुलोचन श्रेष्ठ | ५ | सुगर रोग र अति बिपन्न | १०,००० |

प) आ.व. २०७८/७९ मा कार्यान्वयन भई विभिन्न कारणले भुक्तानी छुटेका आयोजनाहरूको भुक्तानी गर्न मिति २०७९/०४/१५ गते बसेको कार्यापालिका वैठकको निर्णयबाट गठित अनुगमन कार्यादलले विभिन्न मितिमा स्थलगत रुपमा अनुगमन गरी तयार गरिएको अनुगमन प्रतिवेदन अनुसार मिति २०७९/९/२९ गते कार्यपालिकाको बैठकवाट आयोजना स्वीकृत भएकाले प्राविधिक प्रतिवेदनको आधारमा उक्त आयोजनाहरुको भुक्तानी फरफारक गर्ने निर्णय गरियो ।

| क. सं. | आयोजनाको नाम, वडा र स्थान | कार्यान्वियनको प्रकृया/ सम्झौता भएको मिति | अनुदानको स्रोत | न.पा. बाट विनियोजित रकम | पेश्की/ रनिङ्ग विलको अवस्था | भौतिक प्रगतिको स्थलगत अवस्था | प्राविधिक मूल्यांकन अनुसार खुद भुक्तानी दिनु पर्ने रकम रु. | अनुगमन गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | मदन भण्डारी रोड देखि वैद्यनाथेश्वर सडक मर्मत, वडा नं. ६ | उ.स./ २०७८।०९।२९ | नगर स्तरीय | १२,७२,६९५।१३ | नलिएको | वैद्यनाथ खोलाबाट गुफा सम्म आउने बाटो ग्राभेल गरेको, गुफा क्षेत्रमा ट्रस्टको भवन निर्माण गरेको, गुफा रहेको पाखाभिर सम्म पुग्ने रेलिङ्ग सहितको पक्की खुट्टिकिला भएको भर्याङ्ग निर्माण भएको पाईयो । | ११,०९,२७९। ३३ | २०७९।०५ ।०१ |
| २ | चर्च भवन निर्माण वडा नं. २ | उ.स./ २०७८।०७।२६ | नगर स्तरीय | ९,२०,०००।०० | प्रथम रनिङ्ग विलबाट रु. ४,२१,५८२। | उपभोक्ता समितिबाट चर्च भवनको छत ढलान गरेको, भवनको भित्र र बाहिर पलस्टर गरेको, रङ्ग रोघन गरेको, फलामको गेट निर्माण गरेको पाईयो । | ४,१७,०००।० ० | २०७९।०५ ।२२ |
| ३ | खेल मैदान मर्मत (विहिवारे) वडा नं.०७ | उ.स. मार्फत/ २०७८/११/०९ | नगर स्तरीय | २,६२,५००।०० | नलिएको | निर्माणाधिन खेलमैदानको तल्लो भगमा कटारी नगरपालिका बाट अनुदान दिएको ३२ थान ग्याविन जाली बाट ग्याविन वाल निर्माण भएको । | २,५०,०००।० ० | २०७९।०५ ।०१ |
| ४ | पवित्र चर्च भवन निर्माण, कटारी-६ | उ.स. मार्फत/ २०७८/०६/०७ | नगर स्तरीय | १०,००,०००।०० | प्रथम रनिङ्ग विलबाट रु. १०,०४,१८९ ।३४ | चर्च भवनको निर्माणको काम सम्पन्न भई प्लास्टर समेत भई सकेको । | १,२४,७७४।७ ७ | २०७९।०५ ।०१ |
| ५ | चिपटार बेसीगाँउ मोटर बाटो निर्माण, कटारी १० | उ.स. मार्फत/ २०७८/०८/०६ | नगर स्तरीय | १०,००,०००।०० | नलिएको | चिपटार बाट बेसी गाउँ जाने बाटो ट्रयाक खोल्ने कार्य भएको । | ९,५०,०००।० ० | २०७९/०६/०२ |